**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ १२ गते मंगलबार ❑ 26 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## 'देउवा दम्पत्तिलाई पक्राउ नगर्नु'

**रासस**
काठमाडौं, ११ जेठ

सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवालाई पक्राउ नगर्न अन्तरिम आदेश दिएको छ।

न्यायाधीशद्वय महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेयको इजलासले सोमबार पूर्वप्रधानमन्त्री देउवा र उहाँकी पत्नी आरजु राणा देउवालाई पक्राउ नगर्न अन्तरिम आदेश जारी गरेको हो।

आदेशमा भनिएको छ, "माथिल्लो प्रकरण नं (८) मा उल्लेख र विश्लेषण गरिएअनुसार सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागबाट अनुसन्धान भएको कसुरको मुद्दा हेर्ने क्षेत्राधिकार विशेष अदालतमा रहेको हुँदा अध्यादेश जारी हुनुपूर्व काठमाडौँ जिल्ला अदालतबाट पक्राउ पूर्जी जारी गर्न दिइएको अनुमति स्वतः निष्कृय हुने देखियो, तसर्थ काठमाडौँ जिल्ला अदालतबाट निवेदकलाई पक्राउ गर्न पक्राउ पूर्जी जारी गर्ने अनुमति प्रदान गरिएको आधारमा निवेदकलाई पक्राउ नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीका नाममा अन्तरिम आदेश जारी गरिएको छ।" अनुसन्धानका लागि प्रचलित कानुनको अधिनमा रही पक्राउ गर्न सकिने भए पनि त्यस्तो पक्राउ 'स्वेच्छाचारी' हुन नहुने र कानुनी प्रक्रिया तथा स्थापित पद्धतिको पालना नगरी गरिने पक्राउले व्यक्तिको स्वतन्त्रता हनन हुने भएकाले अदालत र अनुसन्धान निकाय सचेत हुनुपर्ने आदेशमा भनिएको छ।

## अतिक्रमित संरचना हटाउन स्थानीयद्वारा सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

पोखराको मध्य भाग भएर बग्ने फिर्के खोलाको अतिक्रमण हटाउन आइतबारदेखि सुरु भएको छ। पोखरा महानगरपालिकाले फिर्केका तीन स्थानबाट डोजर चलाएर अतिक्रमण हटाउन सुरु गरेको हो।

अतिक्रमित संरचना हटाउन स्थानीयलेसमेत सहयोग गरेका छन्। पहिलो दिन शान्तिपूर्ण रुपमा संरचना हटाइएको पोखरा महानगरपालिकाले जनाएको छ।

अतिक्रमित संरचना हटाउँदा ठूलो सङ्ख्यामा जनपथ र सशस्त्र प्रहरी परिचालन गरिएको थियो। पोखरा-२ र १८ को सिमाना अँधेरिकुनादेखि सुरु गरी वडा ४ तर्फ, पोखरा-४ र ५ को सिमाना फिर्केपुलस्थित बूढानीलकण्ठ मन्दिरदेखि सुरु गरी वडा नं ५ र ८ तर्फ र पोखरा-७ र ८ को सिमाना जिरोकिलो मिटर स्थित लायन्स भवनदेखि फेवातालतर्फ गरी तीन स्थानबाट डोजर चलाइएका छन्। महानगर प्रमुख धनराज आचार्यले अतिक्रमित संरचना हटाउने काम निरन्तर जारी रहने बताउनुभयो। महानगरले फिर्केको सार्वजनिक जमिन अतिक्रमण गरी बनाइएका संरचना हटाउनका लागि यसअघि ३५ दिनको समयसीमा दिएको थियो। सो समय शनिबार सकिएको थियो। महानगरले गत वैशाख ३ गते सार्वजनिक



सूचना प्रकाशित गरी सार्वजनिक जमिनमा बनाइएका संरचना हटाउन सूचना जारी गरेको थियो। महानगरप्रमुख आचार्यले फिर्के संरक्षण अभियान कसैको विरोधका लागि नभइकन प्रकृतिको संरक्षण र सुरक्षित भविष्यका लागि गरिएको साझा प्रयास हो भन्नुभयो।"फिर्केखोलालगायतका सबै स्थानका सार्वजनिक जमिनका संरचना हटाएर सार्वजनिक सम्पत्तिको संरक्षणका लागि महानगरले योजनाबद्ध हिसाबले काम सुरु गरेको छ। खाली गराउन सुरु गरिएको क्षेत्र खोलाघरभित्रको भाग हो। खोला कसैको निजी सम्पत्ति हुन सक्दैन भन्ने तथ्यलाई हामी सबैले गम्भीरतापूर्वक मनन गरौँ, खोलाको संरक्षण र भावी पुस्ताका लागि सुरक्षित वातावरण निर्माण गरौँ", महानगर प्रमुख आचार्यले भन्नुभयो। महानगरले गरेको फिर्के नापजाँच प्रतिवेदनअनुसार फिर्के खोलाघर माथि स्थायीदेखि अस्थायी प्रकृतिका १६० संरचना निर्माण गरिएका छन्। फिर्केखोला नै मिचेर ९७ वटा अस्थायी संरचना र ३५ वटा स्थायी संरचना निर्माण गरेको पाइएको नाप जाँच प्रतिवेदनमा उल्लेख छ। यसैगरी खोलामाथि १० अस्थायी र १८ वटा स्थायी प्रकृतिका संस्थागत संरचना निर्माण गरिएका छन्। फिर्केखोलाको प्राविधिक नाप जाँचपछि यकीन गरिएको खोला घरको पश्चिमतर्फ ३०३ र पूर्वतर्फ २८५ वटा गरी ५८८ सीमास्तम्भ गाडिएका थिए। पोखरा सिद्धार्थचोकका स्थानीयवासी ढाकामोहन पराजुलीले खोलाघर संरचना खाली गर्न आफूहरुले सहयोग गरे पनि महानगरले तोकेको फिर्केको छ मिटर मापदण्ड व्यावहारिक नभएको बताउनुभयो। उहाँले लालपुर्जाभित्रको जमिनका संरचना हटाउँदा मुआब्जा दिन माग गर्नुभयो।

## गुप्तेश्वर गुफामा पर्यटकको भीड: एकै दिनमा पाँच लाखको टिकट बिक्री

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्तृव बोकेको गुप्तेश्वर गुफाले एकैदिनमा रु पाँच लाख २५ हजार ७१५ आम्दानी गरेको छ।

पर्यटकीय राजधानी पोखरा-१७ छोरेपाटनमा रहेको सो गुफा अवलोकन गर्न आउने आन्तरिक एवं बाह्य पर्यटकलाई टिकट बिक्री गरेर आम्दानी गरेको हो।

जेठको १० गते आइतबार मात्र गुफामा चार हजार ४७२ जना बाह्य पर्यटक, एक हजार ४८७ आन्तरिक पर्यटक र ११९ जना विद्यार्थी गरी कूल छ हजार ७८ जनाले टिकट काटेरे गुफाको अध्ययन अवलोकन गरेको गुफा व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण बास्तोलाले जानकारी दिनुभयो। गुफाभित्र ५०० मिटरमा अवस्थित प्रकृति निर्मित शिवमूर्तिको दर्शनसँगै लगभग १०० मिटरभित्र पुगेपछि देखिने पातले छाँगो (डेभिजफल) झरनाको दृश्यले पर्यटकको आकर्षण बढाएको बताउँदै उहाँले भन्नुभयो, "गुफा एउटा अलौकिक धार्मिक एवं पर्यटकीयस्थलको रूपमा विकास हुँदै आएको छ।" गुफा प्रवेशका लागि आन्तरिक पर्यटकका लागि रु ५०, बाह्य पर्यटकको लागि रु १०० र विद्यार्थीको लागि रु ३५ को टिकट व्यवस्था गरिएको छ। गुफाभित्र निर्माण गरिएको यान्त्रिक कामधेनु गाई र भक्तजनले चढाएको दानबाट पनि राम्रो आम्दानी हुने गरेको छ। अध्यक्ष बास्तोलाले भन्नुभयो, "तीन दशकदेखि प्रचारप्रसारमा आएको गुफाको आम्दानीबाट गुफाको संरक्षण एवं प्रवर्द्धनसँगै शैक्षिक क्षेत्रमा लगानी गर्दै आएको छ। गुफाले गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस स्थापना गरी सञ्चालन गर्दै आएको छ जुनक्याम्पसमा ८०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन्।" गुफाको धर्मशाला हलमा गुरुकुल पनि सञ्चालन गर्दै आएको छ। जस गुरुकुलमा कक्षा ११ सम्मको पढाइ हुने गरेको हाल ४८ जना विद्यार्थी पठनपाठन गर्दै आएका छन् भने आसपासका सामुदायिक विद्यालयलाई समेत आर्थिक सहयोग गरेको छ। गुफाले वार्षिक रु छदेखि सात करोडसम्म आम्दानी गर्दै आएको उहाँको भनाइ छ। गुफाको टिकटबाहेक कामधेनु गाई, भक्तजनले चढाएको दान, थप आम्दानीको स्रोत बनेको बताउँदै उहाँले भन्नुभयो गुफा परिसरमा मुस्ताङबाट ल्याइएको १००८ मिलोग्रामको शालिग्राम, बूढानीलकण्ठ मूर्तिका साथै गुफा प्रवेशस्थलमा निर्माण गरिएका नवग्रह आकर्षको रूपमा रहेका छन्।

गुफा कार्यालय प्रमुख नारायण पौडेलका अनुसार पछिल्लो समय गर्मी बढेसँगै पोखरामा पर्यटकको चाप बढेको छ। पोखरा आउने पर्यटकले गुफा नआइकन फर्के भ्रमण अधुरो रहेको महसुस गर्न थालेको कारणले आकर्षण बढेको छ। छ हजार क्षेमताको गुफामा भीड बढेपछि व्यवस्थापन गर्न समेत धौधौ पर्ने गरेको उहाँको भनाइ छ।

## पोखरा उपत्यका नगर विकास समितिद्वारा पोखरा बसपार्क क्षेत्रका अतिक्रमित संरचना हटाउन निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

पोखरा बसपार्क क्षेत्रभित्र रहेका पसल कबललगायत सबै संरचना १५ दिनभित्र हटाउन पोखरा उपत्यका नगर विकास समितिले सार्वजनिक सूचना जारी गरेको छ।

समितिले पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत संरचना हटाई पोखरा बसपार्क निर्माणको प्रक्रियामा सहजीकरण गर्न व्यवसायीहरूलाई सूचित गरेको हो।

तोकिएको अवधिभित्र संरचना नहटाएमा समिति आफैँले हटाउने र सो क्रममा लाग्ने लागतसमेत सम्बन्धित व्यक्ति तथा संस्थाबाट असुल उपर गरिने शनिबार जारी सूचनामा उल्लेख छ।

समितिले बसपार्क क्षेत्रभित्र लालपुर्जा भएका जग्गाधनीहरूलाई सात दिनभित्र नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, चालु आवको सम्पत्ति/भूमिकर तिरेको रसिद र जग्गासम्बन्धी प्रमाण पुग्ने अन्य कागजात समितिको कार्यालयमा बुझाउन निर्देशनसमेत दिएको छ। पोखरा महानगरपालिका-९ पृथ्वीचोकस्थित बसपार्कको जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाउन यसअघि गत वैशाख ४ गते पोखरा महानगरपालिकाले पनि सार्वजनिक रूपमा सूचित गरेको थियो। ३५ दिने उक्त सूचनाको अवधि शनिबार सकिएपछि पोखरा उपत्यका नगर विकास समितिले अर्को सूचना जारी गरेको हो।

पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको बसपार्कको जग्गामा सुकुमवासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरू रहेका छन्। आधुनिक सुविधासम्पन्न बसपार्क बनाउन विसं २०३१/३२ तिर २०५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो। बसपार्कका लागि अधिग्रहण गरिएको जग्गा अतिक्रमणमा पर्दै गएर अहिले करिब ६० रोपनी क्षेत्रफल मात्र बाँकी छ। प्रस्तावित आधुनिक पोखरा बसपार्कको अतिक्रमित जग्गा खाली गराई बसपार्क निर्माणको प्रक्रियालाई अगाडि बढाउने महानगरको योजना छ।

भूमिहीन दलित, सुकुमवासी र अव्यवस्थित बसोबासीका नाममा झण्डै ५०० परिवार बसपार्कको जग्गामा घरटहरा बनाएर बसेको महानगरले जनाएको छ। वास्तविक सुकुमवासीलाई उचित व्यवस्थापन गरी अतिक्रमित जग्गा खाली गराएर बसपार्क बनाइने भएको हो।


## सडक असहज: सेवाग्राहीलाई समस्या

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ११ जेठ

जोमसोम जिल्लाको एक मात्र २५ शय्याको प्रदेश अस्पताल जोड्ने सडक असहज हुँदा सेवाग्राहीलाई असुविधा पुगेको छ।

कालीगण्डकी करिडोर (बेनी–जोमसोम–कोरला) सडक आयोजनाले सडक स्तरोन्नति गर्ने क्रममा साबिकको सडकलाई ग्रेड डाउन गरिदिएपछि यहाँको प्रदेश अस्पताल आवतजावत गर्न कठिनाइ भएको हो।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा समीक्षा कँडेलले सडक अवरोधका कारण एम्बुलेन्स तथा अन्य हलुका सवारीसाधन सञ्चालन हुन नसकेको जानकारी दिनुभयो। अस्पताल जोड्ने सडकको तीन वटा विकल्प प्रस्तुत गरिएको भए पनि हालसम्म समाधान निस्कन सकेको छैन। पहिलो विकल्प मुख्य राजमार्ग सडक उकासेर अस्पताल सडक सहज बनाउने, दोस्रो विकल्प आयोजनाको योजनाअनुसार व्यक्तिको घर अगाडिबाट अस्पतालको सडक लैजाने र तेस्रो विकल्प हाल प्रयोग भइरहेको सडकलाई फराकिलो बनाएर सडक सहज बनाउने विकल्प प्रस्तुत गरिएका थिए। सडक सञ्चालन गर्ने तीन विकल्पमध्ये कुनै पनि विकल्प कार्यान्वयनमा आउन सकेको छैन। प्रदेश अस्पताल जाने सडकको विषयमा स्थानीय प्रशासन, गाउँपालिका र अस्पताल व्यवस्थापन समितिलगायत सरोकारवालाहरुको पटक/पटक वार्ता र संवाद भए पनि कुनै सहमति हुन नसकेको प्रदेश अस्पतालले जनाएको छ।



# जोन डियर ट्र्याक्टरको पोखरा एसएसएस शाखा स्तरोन्नति

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

जोन डियर ट्याक्टरको पोखरा एसएसएस शाखा स्तरोन्नति गरिएको छ।

विवेक अटोमोबाइल्स प्रा. लि. अन्तर्गत सञ्चालित उक्त शाखालाई आधुनिक सेवा सुविधासहित स्तरोन्नति गरिएको कम्पनीले जनाएको छ।

एमभी दुगड ग्रुपका अध्यक्ष मोतीलाल दुगड तथा उपाध्यक्ष विवेक दुगडको मार्गदर्शनमा सञ्चालन भइरहेको कम्पनीले ग्राहकलाई अझ छिटो, प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यले शाखा अपग्रेड गरिएको कम्पनीका सुसिन कुमार ठाकुरले बताउनु भयो । कार्यक्रममा कम्पनीका कार्यकारी




निर्देशक शुभम दुगडसहित जोन डियर भारतका प्रतिनिधिहरूको उपस्थितिमा रिबन काटेर शाखाको औपचारिक उद्धाटन गरिएको थियो । कार्यक्रममा भारतबाट आएका अनुज पात्र गोसाइन, अभिमन्यु राय, सौमित्र दत्ता तथा सौरभ तिवारीको विशेष उपस्थिति रहेको थियो।

कम्पनीका प्रतिनिधिहरूले आधुनिक कृषि प्रविधिलाई ग्रामीण तहसम्म विस्तार गर्दै किसानको उत्पादन क्षमता वृद्धि गर्ने तथा बिक्रीपछिको सेवालाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । हाल देशभर सञ्चालनमा रहेका २६ वटा आउटलेटमध्ये पोखरा शाखालाई विशेष रूपमा स्तरोन्नति गरिएको कम्पनीले जनाएको छ।

यससँगै गण्डकी प्रदेशका ग्राहकहरूले अझ सहज, विश्वसनीय र आधुनिक सेवा प्राप्त गर्ने विश्वास कम्पनीको छ।

यस अवसरमा कम्पनीले सीमित अवधिका लागि विशेष छुट योजनासमेत सार्वजनिक गरेको छ। कम्पनीका अनुसार जेन्युइन स्पेयर पार्ट्समा १० प्रतिशत छुट तथा लेबर चार्जमा शतप्रतिशत छुट प्रदान गरिनेछ । यो अफर शाखा स्तरोन्नति सम्पन्न भएको मितिबाट आगामी ७ दिनसम्म लागू हुने कम्पनीले जनाएको छ।

# पोखरा १६ का महिलालाई अचार र सेलरोटी बनाउने तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

महिलाको आय आर्जनलाई सघाउ पुर्याउने उद्धेश्यले पोखरा १६ का महिलालाई अचार तथा सेलरोटी बनाउने तालिम दिईएको छ।

बाटुलेचौरमा रहेको नमुना बहुद्देशीय सामुदायिक अध्ययन केन्द्रले त्यस क्षेत्रका बेरोजगार महिलालाई स्वरोजगार तथा आत्मनिर्भर बनाउन एक दिने सो सीपमूलक तालिम आयोजना गरिएको सचिव गीता पौडेलले जानकारी दिईन्।

स्थानीय ५० जना महिलाहरूको सहभागिता रहेको तालिममा कमला श्रेष्ठ र ऋतु बानियाँले प्रशिक्षण दिएका थिए । उनीहरुले सहभागिलाई व्यवहारिक अभ्याससहित मासु र आँपको अचार तथा सेलरोटी बनाउने तरिका सिकाएका थिए। यसअघि तालिमको शुभारम्भ गर्दै



केन्द्रका सल्लाहकार समेत रहेका हिमालय क्लबका अध्यक्ष मोहनबहादुर थापाले महिलाहरूलाई आत्मनिर्भर बनाउन यस्ता तालिम महत्वपुर्ण हुने बताए।

उनले सीप र मेहनत भए घरमै बसेर पनि राम्रो आम्दानी गर्न सकिने उल्लेख गर्दै, सिकेको ज्ञानलाई व्यवसायिक रूपमा अघि बढाउन सुझाव दिए । अर्का सल्लाहकार माधव शर्माले सीपमूलक तालिमले सबैलाई स्वरोजगारतर्फ प्रेरित गर्ने विश्वास व्यक्त गरे । केन्द्रकी अध्यक्ष भगवती भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा पुर्व अध्यक्ष कमला शर्मा,प्रशिक्षक कमला श्रेष्ठ,उपाध्यक्ष ज्योति बस्नेतलगायतले यस्ता तालिमले महिलाको ज्ञान र सीपलाई थप प्रभावकारी बनाउने बताए।

पोखरा महानगरपालिका वडा नं. १६ को आर्थिक सहयोगमा सम्पन्नउक्त तालिम उद्धाटन तथा समापन कार्यक्रमको संचालन केन्द्रका सचिव गीता पौडेलले गरेकी थिईन्।

# लमजुङको पुरानकोटमा त्रिदिवशीय घरवास व्यवस्थापन तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको आयोजना एवम् गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेश समितिको सह-आयोजनामा लमजुङको बेसीशहर नगरपालिका-४ पुरानकोटमा त्रिदिवशीय घरवास(होमस्टे) व्यवस्थापन तालिम सम्पन्न भएको छ।

पुरानकोट सामुदायिक होमस्टे व्यवस्थापन समितिको स्थानीय समन्वयमा आयोजित तालिममा ४० जनाको सहभागी रहेको गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष शोभा सापकोटाले जानकारी दिनुभयो।

तालिममार्फत होमस्टे सञ्चालन, पाहुना सत्कार, सरसफाइ, व्यवस्थापन, स्थानीय संस्कृतिको संरक्षण तथा पर्यटन सेवाको गुणस्तर अभिवृद्धिबारे व्यावहारिक ज्ञान प्रदान गरिएको उहाँले बताउनुभयो । तालिममा भिटोफ गण्डकीका सल्लाहकारहरू टिकाराम सापकोटा, डा. रामजी शर्मा तथा दीपेन्द्र पहारीले होमस्टे व्यवस्थापनका विभिन्न विषयमा सहजीकरण गर्नुभएको थियो।

त्यस्तै रुकु थापाले हाउसकिपिङ सम्बन्धी तथा सजिना गुरुङले सांस्कृतिक नृत्य सम्बन्धी कक्षा सञ्चालन गर्नुभएको थियो । तालिममा सहभागी होमस्टे सञ्चालकहरूले यस्ता व्यावहारिक तथा क्षमता अभिवृद्धि कार्यक्रमले सेवा गुणस्तर सुधार गर्न, पर्यटकलाई आकर्षित गर्न तथा स्थानीय आयआर्जन बढाउन महत्वपूर्ण योगदान पुग्ने बताउँदै तालिमबाट आँफूहरू घरवास सञ्चालनका विविध पक्ष बारे जानकारी पाएर लाभान्वित बनेको बताए । तालिममा पुरानकोट, नाल्मा, तुर्लुङकोट, काउलेपानी तथा नरुवाल मगर होमस्टेका सञ्चालकहरूको सहभागिता थियो। ग्रामीण पर्यटन प्रवर्द्धन, स्थानीय संस्कृतिको संरक्षण तथा समुदायमा रोजगारी सिर्जना गर्ने उद्देश्यले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने आयोजकले जनाएको छ । तालिमको आज आयोजित समापन समारोहमा सहभागीलाई भिटोफ गण्डकीका अध्यक्ष एवम् कार्यक्रमका सभापति शोभा सापकोटा सहित सल्लाहकारहरूले प्रमाणपत्र प्रदान गर्नुभएको थियो । समापन समारोहमा वक्ताहरूले ग्रामीण पर्यटन विकास, स्थानीय उत्पादनको प्रवर्द्धन तथा समुदायको आर्थिक सशक्तीकरणमा होमस्टे महत्वपूर्ण माध्यम बन्न सक्नेमा जोड दिएका थिए । यस अघि तालिमको उद्घाटन गर्दै गण्डकी प्रदेश सरकारका उद्योग तथा पर्यटन मन्त्री यशोदा रिमाल ले होमस्टेमार्फत गाउँको समृद्धि हासिल गर्न सकिने बताउनुभयो । गण्डकी प्रदेशमा सञ्चालनमा रहेका होमस्टेहरूको स्तरीकरण गर्ने तयारी भइरहेको जानकारी दिँदै उहाँले चालु आर्थिक वर्षभित्रै होमस्टे स्तरीकरण सम्पन्न गरी स्तरीकरण भएका होमस्टेलाई वेबसाइटमार्फत विश्वभर प्रचार-प्रसार गर्ने योजना रहेको उहाँले जानकारी गराउनुभयो। होमस्टेलाई कृषि पर्यटनसँग जोड्न आवश्यक रहेको उल्लेख गर्दै गाउँघरमा उत्पादन हुने ताजा तथा अर्गानिक खानाले पर्यटक आकर्षित गर्ने बताउँदै उहाँले स्थानीय संस्कृति, परम्परा, खानपान र प्राकृतिक जीवनशैलीलाई पर्यटनसँग जोड्न सके ग्रामीण अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन सकिने बताउनुभयो। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले गण्डकी प्रदेशमा ग्रामीण पर्यटनको सम्भावना अत्यन्त उच्च रहेको बताउँदै होमस्टे पर्यटनले गाउँको मौलिकता जोगाउँदै स्थानीयको आयआर्जन वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। तालिममार्फत सहभागीहरूले सिकेका ज्ञान र सीपलाई व्यवहारमा उतार्न आग्रह गर्दै उहाँले सेवा गुणस्तर सुधार गर्न सके पुरानकोट क्षेत्र उत्कृष्ट ग्रामीण पर्यटन गन्तव्यको रूपमा स्थापित हुन सक्ने विश्वास व्यक्त गर्नुभयो।

बेसीशहर नगरपालिकाकी उपप्रमुख पद्मा गुरुङ, बेसीशहर नगरपालिका-४ का वडा अध्यक्ष गमबहादुर गुरुङ, भिटोफ गण्डकीका पूर्व अध्यक्ष रविन्द्र पौडेल तथा पुरानकोट सामुदायिक होमस्टे व्यवस्थापन समितिका अध्यक्ष कन्याकाशी गुरुङ लगायतले होमस्टेको महत्व, ग्रामीण पर्यटन विकास तथा स्थानीय समुदायको भूमिकाबारे आ-आफ्नो धारणा राख्नुभएको थियो।

# नेउवा महासंघका उपाध्यक्षलाई पोउवा संघको स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

नेपाल उद्योग वाणिज्य संघका उपाध्यक्ष नरेशलाल श्रेष्ठले पोखरा र समग्र गण्डकी प्रदेशमा लगानी भित्र्याउन तथा पर्यटन प्रवर्द्धनको नेतृत्व पोखरा उद्योग वाणिज्य संघले गर्नुपर्ने बताउनु भएको छ।




पोखरा उद्योग वाणिज्य संघले उहाँको सम्मानमा आइतबार आयोजना गरेको स्वागत तथा भेटघाट कार्यक्रमको दौरान उहाँले गण्डकीको राजधानी पोखरामा रहेको पोखरा उद्योग वाणिज्य संघको सक्रियता निजी क्षेत्रको हितका निम्ति हुनुपर्नेमा पनि जोड दिनुभयो। पोखरा उद्योग वाणिज्य संघका वर्तमान अध्यक्ष गोकर्ण कार्की महासंघको केन्द्रीय सदस्यमा मनोनित हुनुभएको प्रसंग झिक्दै उहाँले महासंघमा भएको उपस्थितिले पनि पोखराको भूमिका बढेको बताउनु भएको हो।

गण्डकी प्रदेश सरकारले निकट भविष्यमा लगानी सम्मेलन गर्न लागेको र सो सम्मेलनमार्फत् गैरआवासीय नेपालीबाट, विदेशी उद्योगी/व्यवसायीबाट र स्वदेशकै उद्योगीलाई पनि पोखरा र गण्डकी क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने उहाँको भनाइ थियो । कार्यक्रममा बोल्दै संघका अध्यक्ष गोकर्ण कार्कीले केन्दीय सदस्यको जिम्मेवारीलाई कुशलतापूर्वक निभाउने बताउनुभयो।

पोखरा उद्योग वाणिज्य संघका उद्योगतर्फका उपाध्यक्ष दिनेशचन्द्र बास्तोलाको अध्यक्षता र स्वागत रहेको कार्यक्रमको संचालन संघकी महासचिव शोभा गौतमले गर्नुभएको थियो भने कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका जिल्ला नगरतर्फका उपाध्यक्ष मृगेन्द्र घिमिरेको पनि उपस्थिति रहेको थियो।

## सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्ने बारे ३५ दिने जरुरी सूचना

विभिन्न समयमा यस फेवा बचत तथा ऋण सहकारी संस्था लि. को सदस्य बनि बचत तथा ऋण कारोबार गरेका र विगत लामो समयदेखि संस्थाको सम्पर्कमा नरहेका नियमित बचत नगरेका वार्षिक साधारण सभा लगायत संस्थाको कुनै पनि कार्यक्रमहरुमा उपस्थित नभएका साथै सदस्य पहिचान (KYM) विवरण अद्यावधिक नगरेका सदस्यहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क गरी सदस्य पहिचान फारम (KYM) विवरण भरी अद्यावधिक गरी आफ्नो कारोबार नियमित गर्नुहुन अनुरोध गर्दछौ। अन्यथा खाता बन्द गरी रकम भुक्तानी लिई जानुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त समय सिमा भित्र पनि सम्पर्क नभएमा सहकारी ऐनमा व्यवस्था भए अनुसार र सञ्चालक समितिको निर्णय तथा २६औं वार्षिक साधारण सभाको निर्णय बमोजिम त्यस्ता सदस्यहरुको सदस्यता खारेज र निजहरुका सबै खाता बन्द गरी त्यस वापतको जम्मा रकमलाई दिनुपर्ने दायित्व हिसाव खातामा लेखाङ्कन गरिनेछ, साथै भुक्तानी दिनुपर्ने दायित्वमा रहेको उक्त रकम सम्बन्धित सदस्यले संस्थाको कार्यालयमा सप्रमाण सहित उपस्थिती भएका बखत सञ्चालक समितिको निर्णय अनुसार हुने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
प्रधान कार्यालय: पोखरा-५, जिरो कि. मि.
फोन: ०६१-५७३३७५, ५७२२३६
भद्रकाली सेवा केन्द्र पोखरा-१३, भद्रकाली चोक
फोन: ०६१-५८२३७६

# नेउवा महासंघका उपाध्यक्षलाई पोउवा संघको स्वागत




**पोखरापत्र संवाददाता**
पोखरा, ११ जेठ

नेपाल उद्योग वाणिज्य संघका उपाध्यक्ष नरेशलाल श्रेष्ठले पोखरा र समग्र गण्डकी प्रदेशमा लगानी भित्र्याउन तथा पर्यटन प्रवर्द्धनको नेतृत्व पोखरा उद्योग वाणिज्य संघले गर्नुपर्ने बताउनु भएको छ।

पोखरा उद्योग वाणिज्य संघले उहाँको सम्मानमा आइतबार आयोजना गरेको स्वागत तथा भेटघाट कार्यक्रमको दौरान उहाँले गण्डकीको राजधानी पोखरामा रहेको पोखरा उद्योग वाणिज्य संघको सक्रियता निजी क्षेत्रको हितका निम्ति हुनुपर्नेमा पनि जोड दिनुभयो। पोखरा उद्योग वाणिज्य संघका वर्तमान अध्यक्ष गोकर्ण कार्की महासंघको केन्द्रीय सदस्यमा मनोनित हुनुभएको प्रसंग झिक्दै उहाँले महासंघमा भएको उपस्थितिले पनि पोखराको भूमिका बढेको बताउनु भएको हो। गण्डकी प्रदेश सरकारले निकट भविष्यमा लगानी सम्मेलन गर्न लागेको र सो सम्मेलनमार्फत् गैरआवासीय नेपालीबाट, विदेशी उद्योगी/व्यवसायीबाट र स्वदेशकै उद्योगीलाई पनि पोखरा र गण्डकी क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने उहाँको भनाइ थियो । कार्यक्रममा बोल्दै संघका अध्यक्ष गोकर्ण कार्कीले केन्दीय सदस्यको जिम्मेवारीलाई कुशलतापूर्वक निभाउने बताउनुभयो । पोखरा उद्योग वाणिज्य संघका उद्योगतर्फका उपाध्यक्ष दिनेशचन्द्र बास्तोलाको अध्यक्षता र स्वागत रहेको कार्यक्रमको संचालन संघकी महासचिव शोभा गौतमले गर्नुभएको थियो भने कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका जिल्ला नगरतर्फका उपाध्यक्ष मृगेन्द्र घिमिरेको पनि उपस्थिति रहेको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसल्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

**सम्पादकीय**

# पत्रकार तर्साउन छोड

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको लागि लड्दै आएका पत्रकारहरु सत्ताको गलत काम सार्वजनिक गर्ने पत्रकार असुरक्षित बन्दै गएका छन । वालेन शाहको सरकारले सत्ताको आलोचना गर्ने पत्रकार र संचार माध्यमलाई निशाना बनाउन थालेको छासामाजिक संजालबाट सरकारको गलत कामको समाचार प्रकाशित, प्रसारित भएपछि साइबर आक्रमण हुने गरेको छ । अहिले सत्ताको शत्रु भनेको संचार माध्यम भएका छन । सरकार र सत्तारूढ पार्टीका सांसद र समर्थक पहल आवश्यक छ ।

नेपाल पत्रकार महासंघले पत्रकार किशोर श्रेष्ठमाथि भएको प्रहरी निगरानी, धरपकडको प्रयास र धम्कीको निन्दा गरेको छ। महासंघले सोमबार प्रेस विज्ञप्ति जारी गरेर यस घटनाप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । जनआस्था साप्ताहिक र जनआस्था डटकममा मन्त्री तथा सत्ताधारी दलका नेताका बारेमा आलोचनात्मक समाचार प्रकाशित भएपछि प्रधानसम्पादक श्रेष्ठले दबाब झेल्नुपरेको महासंघले उल्लेख गरेको छ । समाचार लेखेकै आधारमा पत्रकारमाथि हुने यस्तो व्यवहार स्वतन्त्र प्रेस र लोकतन्त्रमाथिको प्रहार भएको महासंघले भनेको छ ।

प्रेस काउन्सिल नेपालका पूर्व अध्यक्षसमेत रहेका श्रेष्ठले गृह मन्त्रालयको जिम्मेवारी सम्हालिरहेका प्रधानमन्त्रीको निर्देशनमा आफूमाथि यस्ता गतिविधि भएको जानकारी महासंघलाई गराएका छन् । उनका अनुसार आफूलाई धरपकड गर्ने, धम्क्याउने र समाचारको स्रोत खोल्न दबाब दिने काम भएको छाप्रेसको आँखा बन्द गरेर कुनै उपलब्धि हासिल हुँदैन ।

महासंघले यो प्रेस विरोधी व्यवहार सच्याउन सम्बद्ध पक्षसँग माग गरेको छ । समाचारप्रति विमति भएमा प्रेस काउन्सिल नेपालमार्फत समाधान खोज्न महासंघले आग्रह गरेको छ । यसका साथै, पत्रकार श्रेष्ठलाई धम्क्याउने व्यक्तिको पहिचान गरी तत्काल कानुनी कारबाही गर्न महासंघले जोडदार माग गरेको छ ।

# एथलेटिक्स टोली हङकङ जाने

**पोखरापत्र संवाददाता**
दमौली, ११ जेठ

२२औँ यु-२० एसियाली एथलेटिक्स च्याम्पियनसिपमा सहभागी हुन पाँच खेलाडीसहित आठ सदस्यीय नेपाली टोली मङ्गलबार हङकङ जाने भएको छ ।

मे २८ देखि ३१ तारिखसम्म हुने उक्त प्रतियोगितामा तीन पुरुष र दुई महिला खेलाडीले नेपालबाट प्रतिस्पर्धा गर्ने छन् । पुरुषतर्फ बादल कार्कीले एक हजार ५०३ हजार मिटर दौड तथा प्रवीण रानाले एक सय मिटर दौडमा प्रतिस्पर्धा गर्नेछन् । यसैगरी महिलामा अनुष्का अधिकारीले १००/२०० मिटर दौड, नारायणी भण्डारीले ८००/एक हजार ५०० मिटर दौड र सङ्गीता विकले ४००/८०० मिटर दौडमा भाग लिने छन् ।

टोलीको प्रशिक्षकमा रामबहादुर ओली तथा व्यवस्थापकमा गजबहादुर गुरुङ र दिलबहादुर बम रहेका छन् । टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रामचरित्र मेहताले आज यहाँ आयोजित एक कार्यक्रममा बिदाई गर्नुभयो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# तल्लो सेती जलविद्युत् आयोजना निर्माणको तयारी

**पोखरापत्र संवाददाता**
दमौली, ११ जेठ

तनहुँमा १२६ मेगावाटको तल्लो सेती जलविद्युत् आयोजना निर्माण हुने भएको छ ।

एसियाली विकास बैंकको २२७ मिलियन अमेरिकी डलर, ३० प्रतिशत स्वपुँजी र ७० प्रतिशत ऋणमा निर्माण गर्न लागिएको आयोजना प्रमुख हरिकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

अर्धजलाशययुक्त सो आयोजनाको बाँध तनहुँको बन्दीपुर-६ र देवघाट गाउँपालिका-३ मा पर्दछ । विद्युत् गृह, कर्मचारी आवास, मुख्य सुरुङ देवघाट गाउँपालिका-३ र ४ मा पर्दछ । श्रेष्ठले विद्युत्गृह तथा कर्मचारी आवास निर्माणका लागि आवश्यक करिब १४६ रोपनी जग्गा अधिग्रहण प्रक्रिया सुरु गरिएको जानकारी दिनुभयो ।

# महिला साफ च्याम्पियनसिप फुटबल: नेपालद्वारा भुटान पराजित

**पोखरापत्र संवाददाता**
दमौली, ११ जेठ

भारतमा भएको साफ महिला च्याम्पियनसिप फुटबलमा नेपालले भुटानलाई पराजित गरेको छ ।

भारतको गोवास्थित पण्डित जवाहरलाल नेहरू स्टेडियममा आज भएको उक्त खेलमा नेपालले भुटानलाई १-० गोलले हराएको हो । खेलको २३औँ मिनेटमा नेपालका खेलाडी गीता रानाले हानेको प्रहार भुटानी खेलाडीको खुट्टामा लाग्दै गोलमा परिणत भएको थियो । नेपालले अब दोस्रो खेल यही जेठ १७ गते श्रीलङ्कासँग खेल्नेछ ।

# योग समितिमा पुनः डा भट्टराई निर्वाचित

**रासस**
काठमाडौं, ११ जेठ

योग समिति नेपाल केन्द्रीय समिति, नेपालगन्जको अध्यक्षमा पुनः योगगुरु एवं आयुर्वेदाचार्य डा गिरिराज भट्टराई सर्वसम्मत रूपमा अध्यक्ष पदमा निर्वाचित हुनुभएको छ ।

योग समिति नेपालगञ्जले स्थापना दिवस तथा चौथो अधिवेशन सम्पन्न गर्दै उहाँलाई अध्यक्षमा चयन गरेको हो । नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा निर्मला शाह र लोकमाया सुवेदी (सुमित्रा), सचिवमा टङ्क पौडेल, सहसचिवमा दीपक थापा, कोषाध्यक्षमा अनिता श्रेष्ठ तथा सह-कोषाध्यक्षमा मन्दरा शर्मा चयन हुनुभएको छ । त्यसैगरी, सदस्यहरूमा प्रेम केसी, सविता शर्मा, प्रमोद अग्रवाल, मोतिराम वली, डा दिनेश कुमार चौधरी, ताराप्रसाद अधिकारी र रामचन्द्र तिवारी हुनुहुन्छ । नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले योगले मानिसलाई शारीरिक रूपमा सशक्त बनाउने बताउँदै स्वस्थ समाज निर्माणका लागि योग अपरिहार्य रहेको धारणा व्यक्त गर्नुभयो । नेपालगन्ज उपमहानगरपालिका वडा नं २ का अध्यक्ष मनोज श्रेष्ठले नियमित योगाभ्यासले अनुशासित, सकारात्मक र स्वस्थ नागरिक निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा वक्ताहरूले आधुनिक जीवनशैली, व्यस्तता र तनावका कारण बढ्दै गइरहेका विभिन्न स्वास्थ्य समस्याबाट बच्न योग प्रभावकारी माध्यम भएको बताउनुभयो । कार्यक्रममा पत्रकारितामार्फत योग तथा स्वास्थ्य चेतना फैलाउन योगदान पुऱ्याएको भन्दै नेपाल पत्रकार महासङ्घ लुम्बिनी प्रदेश अध्यक्ष शुक्रऋषि चौलागाईंलाई सम्मान गरिएको थियो । समितिकी उपाध्यक्ष लोकमाया सुवेदीका अनुसार हाल योग समिति नेपालका बाँके, बर्दियालगायत विभिन्न जिल्लामा गरी ५८ केन्द्र सञ्चालनमा छन् ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७, गुम्बा भित्री बाटो स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः गुम्बा भित्री बाटो स्तरोन्नति
ठेगानाः पोखरा-२७
योजना सम्झौता मिति : २०८२/१२/३० गते
योजना सुरु मितिः २०८३/०१/०२ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/०६ गते
योजनाको कुल लागतः रु. १२,००,०००|-
महानगरपालिकाबाटः रु. ६,००,०००|-
जनसहभागिताबाटः रु. ६,००,०००|-
उपभोक्ता समिति अध्यक्षः प्रेम बहादुर तामाङ
सम्पर्क नं.: ९८०६६४६५१५
उपभोक्ता समिति सदस्यः १० जना महिलाः ४ पुरुषः ६ जना

**गुम्बा भित्री बाटो स्तरोन्नति उपभोक्ता समिति**
**पोखरा-२७**

# क्रियाशील सदस्यता अद्यावधिक गर्न कांग्रेसले तोक्यो विशेष जिम्मेवारी

**रासस**
काठमाडौं, ११ जेठ

नेपाली कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिकलाई सहज र द्रुत गतिमा अगाडि बढाउन पदाधिकारी तथा केन्द्रीय सदस्यहरुलाई विशेष जिम्मेवारी तोकेको छ ।

पार्टी सभापति गगनकुमार थापाको उपस्थितिमा कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिको यहाँ आज बसेको बैठकले सबै सङ्गठनात्मक संरचनालाई प्रयोग गरी अनुगमन गर्न समितिका तर्फबाट सातै प्रदेशमा केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्यहरुलाई जिम्मेवारी तोकेको हो ।

बैठकले डा डिला सङ्ग्रौलालाई कोशी प्रदेश, बहादुर सिंह लामालाई बागमती, उदयशम्शेर राणालाई सुदूरपश्चिम, मुक्ताकुमारी यादवलाई गण्डकी, जानकी सिंहलाई कर्णाली, देवराज चालिसेलाई मधेस र अमरसिंह पुनलाई लुम्बिनी प्रदेशको जिम्मेवारी तोक्ने निर्णय गरेको कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो । पार्टीको १५औँ महाधिवेशनका लागि नयाँ क्रियाशील सदस्यता वितरण तथा विभिन्न कारणवश यसअघि नवीकरण हुन नसकेका क्रियाशील सदस्यहरूको सदस्यता नवीकरण गरी केन्द्रीय प्रणालीमा प्रविष्ट गर्ने कार्य यही जेठ २१ गतेभित्र सम्पन्न गर्नुपर्ने बैठकले निर्णय गरेको छ । बैठकले कांग्रेसको १४औँ महाधिवेशनका क्रममा गठन भएको क्रियाशील सदस्यता छानबिन समितिले १५औँ महाधिवेशनमा आधिकारिकता दिनेगरी प्रदान गरिएका क्रियाशील सदस्यतालाई पुरानो सदस्यता मानी नवीकरण प्रक्रियामा समावेश गर्न जिल्ला सभापतिहरुलाई परिपत्र गर्ने निर्णय गरेको कार्यवाहक मुख्यसचिव दुलालले बताउनुभयो ।

बैठकले विभिन्न पार्टीबाट कांग्रेसमा समायोजन भएका व्यक्तिका हकमा सदस्यतासम्बन्धी समस्या समाधान गर्न सदस्यता व्यवस्थापन केन्द्रीय समितिका तर्फबाट जिल्लाहरुमा केन्द्रीय प्रतिनिधि खटाउने निर्णय गरेको छ । त्यसका लागि डा गोपाल दहितलाई बारा, आङ्गेलु शेर्पालाई सिरहा, अब्दुल सत्तारलाई धनुषा, राजीव ढुङ्गानालाई सप्तरी, कुसुम थापालाई सोलुखुम्बु, देवप्रसाद तिमिल्सिनालाई सर्लाही, तिलक रानाभाटलाई सुर्खेत, प्रमोदहरि गुरागाईंलाई महोत्तरी, टेकराज पौडेललाई कपिलवस्तु, जगदीशनरसिंह केसीलाई सुनसरी, कमलकिशोर घिमिरेलाई रौतहट, कृष्ण रिजाललाई पर्सा र ईश्वर अधिकारीलाई काठमाडौंको जिम्मेवारी तोकिएको छ ।

यसैगरी, कांग्रेस जनसम्पर्क समितिको हकमा अधिवेशन सम्पन्न भइसकेका सात देशको जनसम्पर्क समितिको सम्बन्धमा क्रियाशील अद्यावधिक प्रक्रियाका लागि अनुमति दिने बैठकले निर्णय गरेको छ । क्रियाशील सदस्यतासम्बन्धी समस्या नदेखिएका १५ देशका जनसम्पर्क समितिका हकमा क्रियाशील सदस्यता अद्यावधिक गरी अधिवेशन सम्पन्न गर्ने समयतालिका केन्द्रीय कार्यालयमा पेस गर्न परिपत्र गरिएको छ। पार्टीको १४औँ महाधिवेशनपश्चात् विविध कारणले केन्द्रीय कार्यालयसँग कम सम्पर्क भएका अन्य सात देशका जनसम्पर्क समितिको हकमा सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण गर्न परिपत्र गर्ने बैठकले निर्णय गरेको छ । त्यसैगरी, क्रियाशील सदस्यतासम्बन्धी समस्या भएका आठ देशका जनसम्पर्क समितिका हकमा अध्ययन गरी समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने निर्णय गरिएको मुख्यसचिव दुलालले जानकारी दिनुभयो । समितिका संयोजक महामन्त्री प्रदीप पौडेलको अध्यक्षतामा बसेको बैठकले कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिको सचिवमा केन्द्रीय कार्यालयका सह-सचिव प्रेम विश्वकर्मालाई नियुक्त गर्ने निर्णय गरेको छ ।

# पर्वतको छिपछिपे-कोटगाउँ-खुर्कोट सडक कालोपत्र सम्पन्न

**पोखरापत्र संवाददाता**
पर्वत, ११ जेठ

मार्ग खुलेको झण्डै डेढ दशकपछि पर्वतको कुश्मा नगरपालिका-४ अर्मादीदेखि वडा नं २ खुर्कोट जोड्ने छिपछिपे-कोटगाउँ- खुर्कोट सडक कालोपत्र सम्पन्न भएको छ ।

छिपछिपे-कोटगाउ सडकखण्डअन्तर्गत छिपछिपे-आँटीघर-गगनपानी माथिको घुम्तीसम्म कालोपत्र गर्ने काम सम्पन्न भएको हो । उक्त सडक खण्डमा झण्डै २२० मिटर ढलान, एक किलोमिटर कालोपत्र गरिएको छ ।

त्यसैगरी, पोलम नाली, २९५ घनमिटर, जाली भर्ने कार्यलगायत संरचना निर्माण कार्य सम्पन्न भएको सडक निर्माण समितिका अध्यक्ष गणेशबहादुर क्षेत्रीले जानकारी दिनुभयो । गत फागुन महिनाबाट निर्माण सुरु गरेको सडक निर्माण व्यवसायीले तीव्र गतिमा काम गरेकाले निर्धारित समयभन्दाअगावै सम्पन्न भएको हो । इन्धनको मूल्य उल्लेख्यमात्रामा वृद्धि भएपछि अन्यत्रका विभिन्न आयोजना रोकिएको भए पनि यो आयोजनामा भने निरन्तर काम भएको हो । सडक निर्माणका लागि असार मसान्तसम्मको अवधि रहे पनि डेढ महिनाअगावै सम्पन्न भएको हो । उक्त सडकको कालोपत्र गर्ने काम खुर्कोट कोट कालिका मन्दिरसम्म पुऱ्याउने लक्ष्य भए तापनि बजेट अभावका कारण यस वर्ष गगनपानी माथिको घुम्ती भन्ने स्थानसम्म मात्र निर्माण कार्य सम्पन्न भएको अध्यक्ष क्षेत्रीले बताउनुभयो ।

निर्माण भएका संरचनाको मूल्याङ्कन गरी बाँकी रहेको बजेटबाट अन्य कार्य अगाडि बढभाउने कुश्मा नगरपालिका-२ का वडाध्यक्ष लालकृष्ण बास्तोलाले जानकारी दिनुभयो ।

उक्त सडकको बाँकी खण्डमा कालोपत्र र ढलानका लागि आगामी आर्थिक वर्षमा थप बजेट विनियोजन गर्नका लागि कुश्मा नगरपालिकामार्फत सङ्घीय सरकारसँग प्रस्ताव गरिएको वडाध्यक्ष बास्तोलाले बताउनुभयो । उक्त सडक निर्माणका लागि कुश्मा नगरपालिका र सङ्घीय सरकारको समपूरक बजेटअन्तर्गत रु दुई करोड १५ लाख विनियोजन भएको हो । उक्त रकममध्ये कुश्मा नगरपालिकाबाट रु एक करोड २९ लाख र सङ्घीय सरकारबाट रु ८६ लाख लागत साझेदारी गरिएको छ । चालु आर्थिक वर्षको असार मसान्तसम्ममा तोकिएका सबै निर्माण कार्य पूरा गर्ने लक्ष्य रहेको अध्यक्ष क्षेत्रीले बताउनुभयो । यो सडकको कालोपत्र गर्न सौर्यकीरण जेभी निर्माण सेवाले ठेक्का सम्झौता गरेको छ । सडक कालोपत्र भएपछि कुश्मा नगरपालिका-२ खुर्कोट, पाङ, बनौ र दुर्लुकासमेत स्थानीयलाई सदरमुकाम आवतजावत गर्न सहज भएको छ । यसअघि वर्षायाममा बाढी, पहिरोका कारण अवरुद्ध हुँदै आएको र घण्टौं समय लाग्ने सडक अब भने आधा घण्टामै सदरमुकाम आउन सकिने भएको स्थानीयवासी गणेश पौडेलले बताउनुभयो ।

**गण्डकी प्रदेश सरकार**
**उद्योग तथा पर्यटन मन्त्रालय र**
**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**
**एकीकृत सेवा कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८३/०२/११

यस कार्यालयबाट मिति २०७७/०६/०७ कास्की जिल्ला पोखरा ०९, कास्कीमा संचालन गर्ने गरि दर्ता भएको फर्म दर्ता नं. १७५६१/०७७/०७८ को स्वागत फूड्स हाउस नामक फर्म बन्द गरी पाउँ भनी प्रोप्राईटर श्री राजु प्रसाद ढकाल स्वंयम उपस्थित भई मिति २०८३/०२/११ मा आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**एकीकृत सेवा कार्यालय,**
**कास्की**

